नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २१३ २०७८ साल चैत १२ गते शनिबार (26 Mar. 2022 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पत्रकार आचारसंहिता ... ३ पृष्ठमा : वीरगञ्ज क्षेत्रका उद्यमी ... ३ पृष्ठमा :गरिब मुलुकमा खाद्यवस्तुको...


## चैत मसान्त भित्र हतियार बुझाउन प्रशासनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

आगामी बैशाख ३० गते हुने स्थानिय निर्वाचनलाई लक्षित गरि जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्ला भित्र रहेका इजाजत पत्र प्राप्त सम्पूर्ण हतियारहरु बुझाउन सूचना प्रकाशन गरेको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा शुक्रबार जारि सूचनामा २०७८ चैत मसान्त भित्र नजिकको प्रहरी इकाई मार्फत जिल्ला प्रहरी कार्यालय वा सोझै जिल्ला प्रहरी कार्यालयमा बुझाउन आग्रह गरिएको हो ।

जारि सूचनामा शान्तिपूर्ण, स्वतन्त्र, निश्पक्ष, भयरहित र विश्सनीय वातावरणमा सम्पन्न गर्न हातहतियारहरु निर्वाचन कार्य सम्पन्न भए पश्चात् फिर्ता पाउने उल्लेख छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

**हातहतियार बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**
मिति २०७८।१२।११

आगामी २०७९ साल बैसाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई शान्तिपूर्ण, स्वतन्त्र, निश्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्न सप्तरी जिल्ला भित्र रहेका इजाजत पत्र प्राप्त हातहतियारहरु निर्वाचन कार्य सम्पन्न भए पश्चात फिर्ता पाउने गरी मिति २०७८ चैत्र मसान्त भित्र नजिकको प्रहरी इकाई मार्फत जिल्ला प्रहरी कार्यालय वा सोझै जिल्ला प्रहरी कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

## काँग्रेस बुथ सभापति खंगको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ३ निवासी एवं सोही वडाका नेपाली काँग्रेस बुथ सभापति रामफल खंगको निधन भएको छ ।

७० वर्षिय नेता खंग केही दिनयता अस्वस्थ्य रहँदै आएकोमा बिहीबार राती ११ बजेतिर सकरपुरास्थित आफ्नै निवासमा उनको निधन भएको हो ।

शुक्रबार उनको पार्थिव शरीरमा काँग्रेस प्रदेशसभा “क” का सभापति महेन्द्र यादव, काँग्रेस तिलाठी कोइलाडी गाउँपालिका समितिका सभापति अमिर झा, अंबुज सिंह, नारायण सिंह, नरेन्द्रसिंह अरुण मण्डल, हरिहर खंग लगायतले पार्टी झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली दिएका छन् ।

गाउँ नजिकैको घाटमा खंगको शुक्रबार नै अन्त्येष्टि गरिएको छ । नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादव, क्षेत्रिय सभापति महानन्द यादव लगायतले सोक वक्तत्व जारि गर्दै खंगको निधनले पार्टीलाई अपूर्णिय क्षति पुगेको उल्लेखसहित गहिरो दुःख र श्रद्धाञ्जली व्यक्त गरेको छ ।

## मधेश प्रदेश सरकारद्वारा ठोरी क्षेत्रलाई विशेष पर्यटकीयस्थल घोषणा

वीरगञ्ज, ११ चैत (रासस) ।

मधेश प्रदेश सरकारले पर्साको ठोरी क्षेत्रलाई विशेष पर्यटकीयस्थल घोषणा गरेको छ ।

पर्साको ठोरीमा शुक्रबार आयोजित विशेष कार्यक्रमबीच मुख्यमन्त्री लालबाबु राउत गद्दीले यस क्षेत्रलाई प्रदेशको विशेष पर्यटकीय क्षेत्रको रूपमा घोषणा गर्नुभयो ।

तराई मधेशको ‘मिनी उपत्यका’को नामले समेत परिचित ठोरीको प्रचारप्रसार र प्रवर्द्धन गर्ने उद्देश्यले ठोरीलाई मधेश प्रदेश सरकारले पर्यटकीयस्थल घोषणा गरिएको मधेश प्रदेश सरकारले जनाएको छ ।

सुगम जिल्लाको दुर्गम क्षेत्र मानिने पर्साको ठोरीलाई अब प्रदेश सरकारले विशेष पर्यटकीयस्थल घोषणा गरेपछि यस क्षेत्रमा विकासको सुरुआत हुने विस्वास लिइएको मधेश प्रदेश सरकारका खानेपानी तथा ऊर्जा विकास मन्त्री ओमप्रकाश शर्माले जानकारी दिनुभयो ।

ठोरीलाई आयोजित विशेष पर्यटकीयस्थल घोषणा कार्यक्रममा मुख्यमन्त्री राउतसहित प्रदेश सरकारका विभिन्न मन्त्री, उच्च पदस्थ कर्मचारी, अन्य

*बाँकी अन्तिम पृष्ठमा*







अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# स्थानीय तह निर्वाचनका लागि दुई करोड थान मतपत्र छापिने

काठमाडौँ, ११ चैत (रासस)।

निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनका लागि दुई करोड थान मतपत्र छपाइ गर्ने भएको छ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले मतदाता नामावलीमा सूचीकृत भएका करिब एक करोड ७७ लाख मतदाताका लागि सो सङ्ख्यामा मतपत्र छपाइ गरिने जानकारी दिनुभयो। "आयोगले यही चैत १३ गते अन्तिम मतदाता नामावली प्रकाशन गरेपछि मतपत्रको छपाइ सुरु हुन्छ, मतदाता सङ्ख्याको करिब १० देखि १५ प्रतिशत थप मतपत्र छाप्नुपर्छ", उहाँले भन्नुभयो, "विभिन्न जोखिम मध्यनजर गरेर मतदाताको सङ्ख्याभन्दा बढी मतपत्र छाप्नुपर्ने अवस्था देखिएको हो। आयोगले करिब दुई करोड थान मतपत्र छाप्नुपर्ने आँकलन गरेको छ।" मतपत्र छपाइका लागि जनक शिक्षा सामग्री केन्द्रसँग छलफल भइरहेको आयोगले जनाएको छ।

आयोगले दर्ता भएका दलमध्ये राष्ट्रिय मान्यता प्राप्त बाहेकका ७३ राजनीतिक दलले पेश गरेका आ-आफ्नो जिल्लास्तरको सङ्गठन संरचना (जिल्ला समिति) को विवरण छानबिनको काम भइरहेको जनाएको छ। आयोगले राष्ट्रिय मान्यता प्राप्त बाहेकका दललाई यही चैत ६ गतेसम्म स्थानीय तह निर्वाचन प्रयोजनका लागि सङ्गठन संरचना पेश गर्न अनुरोध गरेको थियो। "जिल्लाबाट दलको सङ्गठन संरचनासहितको विवरण प्राप्त भएको छ, आयोगले अध्ययन गरिरहेको छ", सहप्रवक्ता अर्यालले भन्नुभयो।

निर्वाचन आचारसंहिता कार्यान्वयनका लागि सरोकारवालासँगको अन्तरक्रिया बुधबारदेखि देशभर सुरु भएको आयोगले जनाएको छ। मतदाता नामावली, मतदाता परिचय पत्र, निर्वाचनसँग सम्बन्धित निर्देशिकालगायत सामग्री छपाइका लागि विभिन्न ६ प्याकेजको बोलपत्र स्वीकृत गरी आपूर्तिकर्तासँग सम्झौता गर्न पत्राचार गरिएको उहाँले जानकारी दिनुभयो।

# पत्रकार आचारसंहिता कडाइका साथ पालना गर्नुपर्नेमा उपराष्ट्रपतिको जोड

काठमाडौँ, ११ चैत (रासस)।

उपराष्ट्रपति नन्दबहादुर पुनले सञ्चार जगत्लाई मर्यादित बनाउन पत्रकार आचारसंहिता कडाइका साथ पालना गर्नुपर्ने बताउनुभएको छ।

सञ्चारिका समूहको आठौँ अधिवेसन तथा २५औँ वार्षिक साधारणसभामा उहाँले संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रता पूर्णरुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। राज्यका कुरा जनतामा र जनताका विषय राज्यसम्म पुऱ्याउन सञ्चार माध्यमको भूमिका रहेको उपराष्ट्रपति पुनको भनाइ छ।

पछिल्लो समय सञ्चारमाध्यमप्रति नागरिकको गुनासो उत्तिकै रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नागरिकमा चेतना बढ्दा गुनासा बढिरहेकाले त्यो सम्बोधन गर्न लाग्नुपर्छ।" पत्रकार आफ्नो कर्तव्य र जिम्मेवारीप्रति सजग रहनुपर्नेमा उपराष्ट्रपति पुनले जोड दिनुभयो। सञ्चारमाध्यमले आम नागरिकको रचनात्मक, चेतनात्मक र आलोचनात्मक चेत विकास गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो।

पत्रकार महिलाको घरपरिवार र कार्यस्थलमा गरी दोहोरो जिम्मेवारी रहने गरेको उहाँले बताउनुभयो। पत्रकार महिलाले दूरदराजमा रहेका हिंसापीडित महिलाका बारेमा आवाज उठाउनुपर्नेमा उपराष्ट्रपति पुनले जोड दिनुभयो। पत्रकार महिलाले नै पीडित महिलाका पीडा बुझ्नसक्ने उहाँको भनाइ छ।

सञ्चारिका समूहकी अध्यक्ष नीतु पण्डित, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, राष्ट्रिय सूचना आयोगका पूर्व सदस्य यशोदा तिमल्सिना, प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटा, प्रेस चौतारीका अध्यक्ष गणेश बस्नेत, पत्रकारद्वय निर्मला शर्मा र बबिता बस्नेतले सञ्चारिकाको आगामी नेतृत्वले संस्थाको छवि अझै उँचो बनाउने विश्वास व्यक्तगर्नुभयो।

# बक्यौता नबुझाउने तीन क्यासिनोलाई पाँच दिने 'अल्टिमेटम'!

काठमाडौँ, ११ चैत (रासस)।

पर्यटन विभागले सरकारलाई बुझाउनुपर्ने बक्यौँता रकम नबुझाउने तीन क्यासिनो कम्पनीलाई पाँच दिने अल्टिमेटम दिएको छ। विभागले पाँच दिनभित्र रु ९० करोड ५५ लाख ७६ हजार बक्यौता बुझाउन अल्टिमेटम दिएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले बक्यौता रकम असुल गराउनका लागि अल्टिमेटम दिन बुधबार मन्त्रिस्तरीय निर्णय गर्नुभएसँगै तीन क्यासिनो कम्पनीलाई अल्टिमेटम दिइएको पर्यटन विभागका होटल तथा क्यासिनो हेर्ने अधिकृत खेमराज जोशीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मन्त्री ज्यूले मन्त्रिस्तरीय निर्णय गरी बक्यौता बुझाउनका लागि अल्टिमेटम दिन निर्णय गर्नुभएको छ, हामीले रकम बुझान पाँच दिनको सूचना प्रकासन गरेका छौँ, नबुझाए कारबाही हुन्छ।" विभागले एक सार्वजनिक सूचना प्रकाशन गरी रक इन्टरनेशनल प्रालि काठमाडौँको रु ३० करोड ३८ लाख, ह्याप्पी आवर काठमाडौँको रु ३० करोड १७ लाख र ओरियन्टल होटल्स (र्‍याडिसन होटल) लाजिम्पाटको नाममा रु ३० करोड बक्यौता रहेको छ।

ती कम्पनीले पाँच दिनभित्रमा बक्यौता रकम नबुझाए कानुनी कारबाहीका हुने विभागले जनाएको छ। आर्थिक वर्ष २०७६/०७७ सम्मको नियमित रोयल्टी र नवीकरण रु ९० करोड ५५ लाख ७६ हजार उठाउन बाँकी रहेको छ। हालसम्म १७ कम्पनीले रोयल्टी बुझाई सरकारको खातामा रु ८७ करोड राजस्व सङ्कलन भएको विभागले जनाएको छ।

# नेपालको समावेशी विकासका लागि विश्व बैंकबाट १८ अर्ब १५ करोड प्राप्त हुँदै

काठमाडौँ, ११ चैत (रासस)।

विश्व बैंकले नेपालको वित्तीय क्षेत्रको हरित, लचिलो र समावेशी विकासका लागि रु १८ अर्ब १५ करोड उपलब्ध गराउने भएको छ। विश्व बैंकको कार्यकारी निर्देशक बोर्डले नेपालको हरित, लचिलो र समावेशी विकासमा सहयोग गर्न तथा क्षेत्रको स्थायित्व सुदृढ, वित्तीय समाधानमा विविधता ल्याउन र वित्तीय सेवाहरूमा पहुँच बढाउन ऋणस्वरूप उक्त रकम उपलब्ध गराउने निर्णय शुक्रबार गरेको हो।

व्यक्तिगत लगानीको परिचालन र आर्थिक गतिविधि सञ्चालनका लागि राम्रोसँग काम गर्ने वित्तीय प्रणाली मुख्य सक्षमता भएको बताउँदै माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका देशीय निर्देशक फारिस हदाद-जेर्भोसले वित्तीय क्षेत्रलाई बलियो बनाएर, यो परियोजनाले नेपालको हरित, लचिलो र समावेशी पुनरुत्थान र आर्थिक वृद्धिको मार्गमा योगदान पुऱ्याने तथा विशेष गरी गरिब र जोखिममा परेकाहरूलाई फाइदा पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ।

नेपाल सरकारको रूपान्तरणकारी वित्तीय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन, कोभिड-१९ महामारीको प्रभावको सन्दर्भमा वित्तीय स्थायित्वका जोखिमलाई सम्बोधन गन, निजी क्षेत्रको नेतृत्वमा भएको वृद्धिमा टेवा पुऱ्याउन, बैंकिङ क्षेत्रको पर्यवेक्षणलाई बढावा दिन तथा वित्तीय साक्षरताको माध्यमबाट तरलता र समावेशिता बढाउने प्रयासमा ऋण सहयोग उपयोगी हुने बैंकले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# वीरगञ्ज क्षेत्रका उद्यमी व्यवसायीको समस्याप्रति सरकारको ध्यानाकर्षण

काठमाडौँ, ११ चैत (रासस)।

मुलुकको ठूलो औद्योगिक लगानी भएको तथा कूल राष्ट्रिय राजस्वको झण्डै ५० प्रतिशतको योगदान पुर्‍याउने वीरगञ्ज क्षेत्रमा रहेका समस्याको समाधानका लागि त्यहाँका उद्योगी व्यवसायीले सरकारको ध्यानाकर्षण गरेका छन्।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी वीरगञ्ज क्षेत्रका उद्यमी व्यवसायीको समस्या सिङ्गो निजी क्षेत्रको समस्याको रुपमा रहेकाले त्यसलाई आत्मसात् गर्दै र त्यसको समाधानका उपायसमेतको सुझाव कार्यान्वयन गराउन सरकारका विभिन्न निकायसँग आग्रह गरिएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा सुबोधकुमार गुप्ताको नेतृत्वमा रहेको एक भ्रमण टोलीले यसै साता प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री बालकृष्ण खाँण, अर्थमन्त्री जनार्दन शर्मा, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालगायत वाणिज्य तथा आपूर्ति सचिव डा गणेशप्रसाद पाण्डेय, राजस्व सचिव कृष्ण हरि पुष्कर, गभर्नर महाप्रसाद अधिकारी, प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री, भन्सार विभागका महानिर्देशक कमलप्रसाद पौडेल, राजस्व अनुसन्धान विभागका महानिर्देशक प्रकाश पौडेल, आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशमान शाक्य र सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालसँग भेटघाट तथा छलफल गरेको थियो। ती भेटघाट र छलफलमा सङ्घले राखेका सुझावको बारेमा पत्रकार सम्मेलनमा अध्यक्ष गुप्ताले जानकारी दिनुभयो।

प्रधानमन्त्री शेरबहादुर देउवासँगको भेटघाटको क्रममा सङ्घले बारा पर्सा औद्योगिक कोरिडोरलाई औद्योगिक कोरिडोरको रुपमा घोषणा तथा नयाँ औद्योगिक क्षेत्रको स्थापना, द्रुतमार्ग र अन्तर्राष्ट्रिय विमानस्थल, ह्यापी बोर्डरको अवधारणा र औद्योगिक सुरक्षा बल पुनः स्थापना गर्नुपर्नेलगायतका विषयमा विभिन्न सुझाव प्रस्तुत गरिएको थियो। गृहमन्त्री खाँणसँगको भेटघाटको क्रममा सीमा सुरक्षा बैठकको नियमितता, नगद रकमको आधिकारिकता, र सिसिटिभीको सञ्चालनका लागि कोषको व्यवस्था गर्न माग गरिएको थियो। त्यस्तै अर्थमन्त्री शर्मासँगको भेटघाटको क्रममा आयकर छुटको सीमामा समयानुकूल परिमार्जन गर्न, मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागू गर्न, बिलबिजकलाई मान्यता दिन, विदेशी मेसीनरी पार्ट भारतबाट आयात गर्ने व्यवस्था गर्न, सुक्खा बन्दरगाहको पूर्वाधारको विकास र विस्तार गर्नलगायत विभिन्न सुझावहरु पेश गरिएको थियो।

यसैगरी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री खतिवडासँगको भेटघाटको क्रममा म्याद सकिएका औषधिको व्यवस्थापन गर्न र औषधि विकास परिषद्को गठन गर्न आग्रह गरिएको थियो। टोलीले वाणिज्य तथा आपूर्ति सचिव डा पाण्डेयसँगको भेटघाटको क्रममा एकीकृत जाँचचौकीको समस्या समाधान गर्न सुक्खा बन्दरगाहको पूर्वाधारको विकास र विस्तारमा जोड दिइएको थियो।

राष्ट्र बैंकको गभर्नर अधिकारीसँगको भेटघाटको क्रममा हाल देखिएको तरलताको अभाव, रेमिटचान्स, कृषिमा लगानी, भारतीय मुद्राको सहजता, उधारोमा कारोबार हुँदाको समस्या, पुँजीगत खर्च अभाव, क्रेडिट एक्ट ल्याउनुपर्नेलगायतका सुझाव प्रस्तुत गरिएको अध्यक्ष डा गुप्ताले जानकारी दिनुभयो। उहाँले भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशक विभागका महानिरीक्षकहरुसँग कर तथा राजस्वका क्षेत्रमा रहेका समस्या र तिनको समाधानका उपायका बारेमा सुझाव दिएको थियो भने सुरक्षा निकायका प्रमुखसँगको भेटमा सुरक्षा प्रणालीलाई चुस्त र व्यवस्थित बनाउन विभिन्न सुझावका बारेमा छलफल भएको बताउनुभयो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### गरिब मुलुकमा खाद्यवस्तुको थप मूल्य वृद्धि हुने दावी

लण्डन, ११ चैत (रासस/एएनआई)।

विश्व व्यापार सङ्गठनकी महानिर्देशक एनगोसी ओकोन्जो इबेयलाले यूक्रेन सङ्कटका कारण खाद्य पदार्थको मूल्य वृद्धि भएको दाबी गर्नु भएको छ। उहाँका अनुसार खाद्य पदार्थको मूल्य वृद्धि भएपछि खाद्य सङ्कट पनि बढ्ने खतरा देखिएको छ। खाद्य पदार्थमा भएको मूल्य वृद्धि र खाद्य सङ्कटको असर सबैभन्दा बढी गरिब देशहरूमा पर्न सक्ने पनि उहाँले बताउनुभयो।

"यस बारेमा हामी धेरै चिन्तित हुनुपर्दछ भन्ने मलाई लाग्छ, यसको असर विषेश गरेर गरिब मुलुकहरूमा बढी पर्दछ," उहाँले भन्नुभयो। खाद्य पदार्थको मूल्य वृद्धि र खाद्य सङ्कटका कारण ठूलो मानवीय क्षति समेत हुन सक्नेमा पनि उहाँले चिन्ता व्यक्त गर्नुभएको छ। विश्वका धेरै देशमा खाद्य सङ्कष्टसँगै उर्जा सङ्कट पनि मुख्य समस्याका रुपमा देखिँदै गएको र यो अझ बढ्न सक्ने उहाँको भनाई छ।

उर्जा सङ्कटका रुपमा उहाँले पेट्रोलियम पदार्थको मूल्य वृद्धि र अभावलाई समेत संकेत गर्नु भएको जनाइएको छ। गार्जियनसँगको अन्तरवार्ताका क्रममा महानिर्देशक ओकोन्जोले दुवै सङ्कटबाट सबैभन्दा बढी पीडित हुने नै गरिब मानिस भएकाले त्यस तर्फ विश्वको ध्यान जानु पर्नेमा जोड दिनुभयो।

### मालीमा ८८६ नागरिक मारिए, घाइते वा अपहृत भए

बामाको माली, ११ चैत, (रासस-एएनआई/सिन्ह्वा)।

गत वर्षको दोस्रो छ महिनामा मालीमा कम्तीमा ८८६ नागरिक मारिएको, घाइते भएको वा बेपत्ता भएको मालीस्थित संयुक्त राष्ट्रसङ्घ बहुआयामिक एकीकृत स्थिरता मिसन-MINUSMA_ले प्रकाशित नोटमा जनाइएको छ। पीडितमध्ये ४० बालबालिका र ६५ जना महिला रहेको मिनुस्माले जनाएको छ। दस्तावेजका अनुसार गत वर्षको पहिलो छ महिनाको तुलनामा हिंसाबाट प्रभावित सर्वसाधारणको सङ्ख्या ७ प्रतिशतले घटेको देखिएको छ। समूह फर द सपोर्ट अफ इस्लाम एन्ड मुस्लिम जस्ता समूहबाट हुने मानवअधिकार उल्लङ्घनमा भने अघिल्लो अवधिको तुलनामा २१ प्रतिशतले वृद्धि भएको छ।

नोटमा भनिएको छ हिंसा देशको केन्द्रमा विशेष गरी बन्दियागारा, डुएन्जा, मोप्ती र सेगोउ क्षेत्रमा किन्द्रित थियो। सन् २०१२ देखि मालीले सुरक्षा, राजनीतिक र आर्थिकस्तरमा गहिरो बहुआयामिक सङ्कटको सामना गरिरहेको छ। स्वतन्त्रता विद्रोह, जिहादी आक्रमण र अन्तर-सामुदायिक हिंसाले यस पश्चिम अफ्रिकी देशमा हजारौंको ज्यान लिएको छ भने हजारौं विस्थापित भएका छन्।

### टाइग्रे विद्रोहीहरू 'शत्रुता अन्त्य' गर्न सहमत

अदिस अबाबा, ११ चैत, (रासस-एएफपी)।

तिग्रेयन विद्रोही शुक्रबार "शत्रुताको अन्त्य" गर्न सहमत भएका छन्। एक दिनअघि सरकारको अनिश्चितकालीन मानवीय युद्धविरामको घोषणापछि उत्तरी इथियोपियामा लगभग १७ महिना लामो युद्धमा संलग्न तिग्रेयन विद्रोही शुक्रबार युद्धविराम गर्न राजी भएका हुन्। विद्रोहीहरूले शुक्रबार बिहान एएफपीलाई पठाएको एक विज्ञप्तिमा जनाएअनुसार तिनीहरू "तत्काल प्रभावकारी रूपमा शत्रुताको अन्त्य लागू गर्न प्रतिबद्ध छन्।"

### अस्ट्रियाको संसद्द्वारा देशमा आरटी प्रसारणमा प्रतिबन्ध

भियना, अस्ट्रियो, ११ चैत, (रासस-एएनआई/स्पुतनिक)।

संसद्को तल्लो सदन, अस्ट्रियाको राष्ट्रिय काउन्सिलले बिहीबार देशमा आरटी प्रसारणमा प्रतिबन्ध लगाएको छ। "रसिया टुडे प्रतिबन्धित छ...यसैले अस्ट्रियाले रुसविरुद्धको प्रतिबन्धको सान्दर्भिक भाग लागू गर्दछ र अस्ट्रियाका नेटवर्क प्रदायकलाई रूस टुडे प्रसारण गर्न निषेध गर्दछ। यो युक्रेनमा रूसको आक्रामक युद्धको बारेमा नक्कली समाचार फैलाउन रोक्नको लागि गरिएको कदम हो।" काउन्सिलले जनाएको छ।

### राष्ट्रपति बाइडेन युक्रेन सीमा नजिकको भ्रमणमा

ब्रसेल्स, ११, चैत, (रासस-एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार पोलिश-युक्रेनी सीमा नजिकैको एक शहरको यात्रा गर्नुहुनेछ। एयर फोर्स वनले पूर्वी पोल्याण्डको रजेस्जो शहरमा उडान भर्दै अमेरिकी राष्ट्रपतिलाई युद्धग्रस्त राष्ट्रबाट ८० किलोमिटर (५० माइल) भन्दा कम दूरीमा पुर्याउने छ। यो यात्रा नेटो सहयोगीहरूको रक्षा गर्न वाशिङ्गटनको सक्रियतालाई पुष्टि गर्न महत्त्वपूर्ण मानिएको छ। युक्रेनमा एक महिनादेखि जारी युद्ध जसलाई राष्ट्रपति बाइडेनले तेस्रो विश्वयुद्धको सन्त्रासको रूपमा याख्या गर्दै आउनु भएको छ।

# मेयर कप प्रिमियर लिगको दोश्रो दिन तिलाठी जायन्टस र टिभिएस किंग्स बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

राजविराजमा जारि चौथो मेयर कप सप्तरी प्रिमियर लिग टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको शुक्रबार सम्पन्न खेलमा तिलाठी कोइलाडी जायन्टस र टिभिएस किंग्स राजविराज बिजयी भएका छन् ।

राजविराज नगरपालिकाको सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कोइलाडीले बजाज खडक वारियर्सलाई २ बिकेट तथा टिभिएसले राजविराज किंग्सलाई ३ विकेटले पराजित गरेको हो ।

टस जितेर ब्याटिङ रोजेको बजाज खडक वारियर्स निर्धारित २० ओभर खेल्दै ३ विकेटको क्षतिमा २ सय रनको बिशाल योगफल जोडेको थियो । खडक वारियर्सको तर्फबाट बिस्फोटक ब्याटिङ गर्दै मिनस थापाले सर्वाधिक ९३ रनको योगदान गरे । यस्तै राहुल मण्डल ३९, अभिनाश कर्ण २९ र अरनिको यादवले २३ रनको योगदान दिए । तिलाठी कोइलाडी जयान्टसका तर्फबाट सुनिल धमला, भुवन कार्की र अभिशेख कार्कीले १/१ विकेट लिए ।

दुई सय १ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको तिलाठी कोइलाडी जायन्टस १९ दशमलब ४ ओभरमै बिजयी लक्ष्य भेटाएको थियो । तिलाठी कोइलाडी जयान्टसका लागि सुनिल धमलाले सर्वाधिक ६८, भुवन कार्की ३०, विकास दास २०, रोहन बिक १९ र आशिष झाले १० रनको योगदान दिए ।

बलिङतर्फ बजाज खडक वारियर्सका राहुल मण्डलले ३ तथा गोमानन्द अमात्य र रोबिन सिंहले २/२ र अरनिको यादवले १ विकेट लिएका थिए । उक्त खेलको म्यान अफ दि म्याच बिजयी टोलीका सुनिल धमला घोषित भए ।

शुक्रबार नै सम्पन्न अर्को खेलमा टिभिएस किंग्सले राजविराज किंग्सलाई ३ विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ रोजेको राजविराज किंग्सले निर्धारित २० ओभरको खेलमा ९ विकेट गुमाउँदै १ सय २० रनको चुनौती पेश गरेको थियो । १ सय २१ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको टिभिएस किंग्सले १८ दशमलब १ ओभरमै लक्ष्य प्राप्त गरेको थियो । उक्त खेलमा २ विकेट लिनुका साथै ५४ रन बनाए वापत बिजयी टोलीका कप्तान महबुब आलम म्यान अफ दि म्याच घोषित भए ।

# महादेवा गापामा माओवादी केन्द्रको चुनावी चहलपहल बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

आगामी बैशाख ३० गते तोकिएको स्थानिय निर्वाचनका लागि सप्तरीको महादेवा गाउँपालिकामा माओवादी केन्द्रको चुनावी चहलपहल शुरु भएको छ ।

नेकपा माओवादी केन्द्रका क्रियाकलाप बढ्नुको साथै वडाध्यक्ष पदका सम्भावित उम्मेदवारहरुले आ-आफ्नो दावी गरेका छन ।

चुनावी चहल पहल अन्तर्गत शुक्रवार महादेवा गापा वडा नम्बर १ चिम्टीमा नेतृत्वहरुको विचमा ब्यापक छलफल पार्टी निर्माण तथा चुनावी चहलपहल एवम सम्भावित उम्मेदवारहरु दावी गर्नेहरुको नामावली समेत घोषणा गरेका छन ।

सो अवसरमा महादेवा गाउँपालिकामा माओवादी केन्द्रको चुनावमा विजयको सुनिश्चिताको लागी पार्टी एक ढिका भएर अगाडी वढने प्रतिवद्धता माओवादी केन्द्रका स्थानिय नेताहरुले गरेका छन । सम्पुर्ण स्थानिय नेतृत्वहरु एक भएर अगाडी वढेमा महादेवा गापाको ६ वटै वडाको साथै अध्यक्ष र उपाध्यक्षको जीत सुनिश्चित रहेको दावी गरे ।

महादेवा गापा १ वडा अन्तर्गतका बिभिन्न ब्यक्तिहरुले वडाध्यक्ष पदमा राधे श्याम यादव, सूर्य नारायण सरदार, बच्चि देवी सरदार आकांक्षीहरु रहेका छन ।

सो छलफल तथा निर्वाचन अर्न्तक्रियामा गापाका स्थानिय नेता दिपेन्द्र माझी, मनोज यादव, कृष्णदेव मण्डल, वैजु कामैत, फरेवी सदा, पत्रकार देवराम यादव लगायतको उपस्थिती रहेको थियो ।

## मधेश प्रदेश...

सरोकारवाला निकायको उपस्थिती रहेको थियो । केही दिन अगाडि मात्र ठोरी पुगेका मधेश प्रदेशका मुख्यमन्त्री राउतले ठोरीलाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

पर्यटनको प्रचुर सम्भावना रहेको ठोरीमा प्रदेश र संघ सरकारको ध्यान नपुग्दा यस ठाउँको विकास अपेक्षित ढङ्गले हुन सकेको तर मधेश प्रदेश सरकारले ठोरीलाई पर्यटकीयस्थल घोषणा गरेसँगै यस क्षेत्रको विकासमा ठूलो टेवा पुग्ने आशा गरिएको छ । भारतसँग सिमानाका जोडिएको कारण पनि यहाँ दिनहुँ हजारौँको संख्यामा भारतीय र देशका अन्य ठाउँबाट पर्यटक आउने गरेका छन् । जिल्लाको उत्तरी भेगमा रहेको ठोरीलाई चितवनबाट भारत जाने मार्गका रूपसमेतमा प्रयोग गरिन्छ । नयाँ वर्ष वा कुनै विशेष दिन जिल्लाका विभिन्न स्थानबाट पर्यटक यहाँ पुग्ने गरेका छन् ।


**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पूर्ण नभए आंशिक तालमेल हुन्छ, गठबन्धन टुट्दैन : प्रवक्ता खतिवडा

जनकपुर, ११ चैत (रासस) ।

नेकपा (एकीकृत समाजवादी) पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले आसन्न स्थानीय तह निर्वाचनमा गठबन्धनभित्र पूर्ण तालमेल नभए आंशिक तालमेल हुने बताउनुभएको छ ।

समाजवादी प्रेस सङ्गठन धनुषाले शुक्रबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता खतिवडाले भन्नुभयो, “हामी गठबन्धनमा आवद्ध सबै दलबीच तालमेल गर्ने प्रयास गरिरहेका छौं, कांग्रेसभित्र दुई थरी विचार रहेकाले तालमेल नहुन पनि सक्छ ।”

यस्तो अवस्थामा (नेकपा माओवादी) केन्द्र, जनता समाजवादी पार्टी र एकीकृत समाजवादीबीच तालमेल हुने उहाँको भनाइ थियो । कांग्रेससँग चुनावी तालमेल नभए पनि राजनीतिक गठबन्धन नटुट्ने खतिवडाले बताउनुभयो । राष्ट्रियताको रक्षाका लागि, प्रतिगमनकारी षड्यन्त्रविरुद्ध र लोकतान्त्रिक एकताका लागि गठबन्धनलाई कायम राखेर अघि बढ्नुपर्नेमा गठबन्धन दलहरु एकमत रहेको उहाँले बताउनुभयो ।

चुनावी परिणामको डरले नभइ मुलुकलाई अझै केही समय सहकार्यको संस्कृतिमा हिँडाउनुपर्ने परिस्थितिका कारण आफुहरु गठबन्धनमा जोड दिइरहेको उल्लेख गर्दै खतिवडाले राष्ट्रियताका पक्षधर जुनसुकै शक्तिसँग आफूहरु सहकार्य गरेर अघि बढ्न तयार रहेको बताउनुभयो । प्रवक्ता खतिवडाले घोषणापत्र तयार गर्ने काम भइरहेकाले केही दिनभित्रै पार्टीले जारी गर्ने जानकारी दिनुभयो ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रा सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*